# सांस्कृतिक संस्थानको

## मन्त्रालय स्तरीय विकास समस्या समाधान समिति (MDAC)

## समक्ष

## आ.व. २०८१/८२ को पहिलो त्रैमासिक प्रगति विवरण

प्रस्तोताः
किरण बाबु पुन
महाप्रबन्धक

मितिः २०८१/०८/०४

# क) आर्थिक वर्ष २०८१/८२ को स्वीकृत बजेट खर्चको स्थिति चालु पूँजितग र वित्तीय खर्च प्रतिशत विवरणः

| क.सं. | बजेट उपशिर्षक नं ३२५००१०५ | आयोजना/ कार्यक्रम/ क्रियाकलाप को नाम | प्रथम त्रैमासिक सम्म बजेट (लाखमा) | प्रथम त्रैमासिक सम्म खर्च (लाखमा) | हालसम्म को खर्च प्रतिशत | प्राथमिकता को किसिम |
|---|---|---|---|---|---|---|
| | चालु तर्फ | | | | | |
| १ | अवकाश प्राप्त कर्मचारीहरुले नियमानुसार पाउने उपदान | सांस्कृतिक संस्थान | ११० | ११० | १०० | |
| | | | १५ | १५ | १०० | |
| २ | सरकारी निकाय समिति एवं बोर्डहरुलाई निःशर्त कर्मचारी पारिश्रमिक | | | | | |
| कुल जम्मा | | | १२५ | १२५ | १०० | |

# ख) आर्थिक वर्ष २०८१/८२ को त्रैमासिक लक्ष्य र प्रगति भौतिक र वित्तीय विवरणः

| क.सं. | अवधी | वजेट रकम लाखमा | खर्च रकम लाखमा | वित्तीय प्रगति % | भौतिक प्रगति % |
|---|---|---|---|---|---|
| १ | पहिलो त्रैमासिक | १२५ | १२५ | १०० | १०० |
| २ | दोस्रो त्रैमासिक | | | | |
| ३ | तेस्रो त्रैमासिक | | | | |
| ४ | चौथो त्रैमासिक | | | | |
| **कुल जम्मा** | | **१२५** | **१२५** | **१००** | **१००** |

# ग) आर्थिक वर्ष २०८१/८२ को महाशाखा/विभाग/ कार्यालयको हालसम्मको समष्टिगत प्रगति विवरणः

| वार्षिक बजेट लाखमा | हालसम्म खर्च भएको रकम लाखमा | वित्तीय प्रगति % | भौतिक प्रगति % |
|---|---|---|---|
| १७० | १२५ | १०० | १०० |

# सांस्कृतिक संस्थानको दीर्घकालीन सोचः

"संस्कृति+प्रकृति+जनशक्ति= समृद्धि"

**संक्षिप्त व्याख्याः**

संस्कृति प्रतिको चिन्तन र दृष्टिकोण राज्य स्तरबाटै फराकिलो बनाई 'संस्कृति, प्रकृति र जनशक्ति' बिच सुन्दर समायोजन गर्न सके मात्र 'सांस्कृतिक स्रोत, प्राकृतिक स्रोत र मानवीय स्रोत' को उचित सदुपयोग हुन पुग्छ । यसबाट संस्कृति र प्रकृतिको संरक्षण, संवर्द्धन, प्रवर्द्धन सहित 'सांस्कृतिक पर्यटन'को विकाससँगै रोजगारीको वातावरण सिर्जना तथा आर्थिक समृद्धि सम्भव छ ।

# आ.व. ०८१/८२ को पहिलो त्रैमासिक प्रगति विवरण

१. सांस्कृतिक संस्थानको उद्देश्य अनुरूप सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन (O&M Survey) को मस्यौदा (Draft) तयार पारिएको तथा मन्त्रालयबाट स्वीकृत हुन बाँकी ।

२. अमूर्त संस्कृति संरक्षण, संवर्द्धन, प्रवर्द्धन तथा पुस्तान्तरणका लागि वर्षौंदेखि सञ्चालनमा आएको संस्थानको कला प्रशिक्षण कार्यक्रम व्यवस्थित रूपमा अगाडि बढाउन कार्यविधि निर्माण, थप आधिकारिक बनाउन सिटिइभिटी तथा विश्वविद्यालयबाट सम्बन्धनको जरुरत । साथै कला प्रशिक्षण कार्यक्रम अन्तर्गत ३२ औं समूह दीक्षान्त समारोह तथा ३३ औं समूह समुद्घाटन कार्यक्रम संस्कृति महाशाखा प्रमुख डा. सुरेश सुरस श्रेष्ठज्यूको प्रमुख आतिथ्ययतामा सभ्य भव्य रूपमा सम्पन्न ।

३. नेपाल सरकारको आ.व. २०८१/८२ को वार्षिक बजेटमा संस्थानको नाममा विनियोजन भएको क्र.सं ११.४.२२.२७८४, कार्यक्रम/क्रियाकलाप :

सांस्कृतिक संस्थानको नयाँ हल निर्माण काठमाडौं, खर्च शीर्षक : ३११५९ उल्लेखित योजनालाई चुस्त, दुरुस्त एवम् पारदर्शी रूपमा अगाडि बढाउनका लागि सम्बन्धित कार्य योजना अनुसार दक्ष तथा अनुभवी इन्जिनियरको परामर्शमा प्रारम्भिक विस्तृत आयोजना प्रतिवेदन तथा रूपरेखा तयारगरी कार्यक्रम/क्रियाकलाप कार्यान्वयनका लागि पर्यटन विभागमा पेस गरिएसँगै प्राविधिक समूहद्वारा स्थलगत अध्ययन गरिएको साथै यथाशीघ्र कार्यसम्पादनको अपेक्षा गरिएको ।

४. संस्कृति संरक्षण सहित उत्पादनमैत्री बनाउन डिजिटल उत्पादनलाई प्रमुख प्राथमिकता दिई डिजिटल आम्दानीको मार्ग सुरुवात (जस्तै : युटुब, एप, विभिन्न डिजिटल प्ल्याटफँम आदि) ।

५. संस्थानको विगतमा स्पष्ट नीति तथा कार्यक्रम सहितको बजेट निर्माण गर्ने प्रावधान नरहेको परिवेशमा आ.व. २०८१/८२ मा दीर्घकालीन सोच सहित ७१ वटा नीति तथा कार्यक्रम निर्माण ।

६. हल चुहावट तथा विकृति विरुद्ध कडाइ हल आम्दानीमा इतिहासमै रेकर्ड ब्रेकको यात्रा ।

७. अव्यवस्थित संस्थानका गतिविधिलाई व्यवस्थित रूपमा सञ्चालन गर्न विभिन्न कार्यविधि निर्माण ।

८. संस्थानको अनुसन्धानात्मक जर्नल "नेपाली संस्कृति" निर्माण कार्यको सुरुवात ।

९. सांस्कृतिक संस्थानद्वारा पहिलो पटक "नीति तथा कार्यक्रमयुक्त भित्ते पात्रो" निर्माण थालनी, मा. मन्त्री श्री बद्री प्रसाद पाण्डेज्यूबाट विमोचन ।

१०. आ.व. २०८१/८२ को नीति तथा कार्यक्रम अन्तर्गत सांस्कृतिक पर्व 'गाईजात्रा महोत्सव २०८१' मा. मन्त्री श्री बद्री प्रसाद पाण्डेज्यूबाट भदौ ३ गते समुद्घाटन भई भदौ १० गतेसम्म सभ्य भव्य रूपमा सम्पन्न हुनुका साथै उत्पादनमूलक एवम् नाफामूलक प्रगति विवरण आउन सफल ।

११. नेपाल सरकारको अवधारणामा संविधान दिवस (राष्ट्रिय दिवस) को उपलक्ष्यमा आयोजित National Day Concert मा सात प्रदेशको प्रतिनिधित्व हुने गरी संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको प्रतिनिधित्व गर्दै संस्थानद्वारा नेपालको पहिचानयुक्त सांस्कृतिक प्रस्तुति सभ्य भव्य रूपमा प्रदर्शनी ।

१२. 'अन्तर संस्थान तीज विशेष साङ्गीतिक प्रतियोगिता २०८१' सभ्य भव्य रूपमा सम्पन्न ।

१३. नेपालीहरूको महान् सांस्कृतिक चाडपर्वहरू दसैं, तिहार, छठ पर्व तथा नेपाल संवत् ११४५ को उपलक्ष्यमा 'चाडपर्व विशेष शुभकामना आदानप्रदान तथा सांस्कृतिक कार्यक्रम २०८१' मा.राज्यमन्त्री श्री अरुण कुमार चौधरीज्यूको प्रमुख आतिथ्ययतामा सभ्य भव्य रूपमा सम्पन्न ।

१४. मन्त्रालयको आयोजनामा भएको '४५ औं विश्व पर्यटन दिवस २०२४' कार्यक्रममा संस्थानद्वारा नेपालको पहिचानयुक्त सांस्कृतिक प्रस्तुति सभ्य भव्य रूपमा प्रदर्शनी ।

१५ एक चिहान नाटक मञ्चन  नाटक मञ्चन भइरहेको शिक्षण सिकाइमा प्रभावकारीता ४ वटा सो सम्पन्न ।

१६ सांस्कृतिक संस्थान कल्याणकारी कोष निमार्ण संस्थानका कर्मचारी तथा अन्य कलाकार संस्कृति विद् साहित्यकार तथा श्रष्टाको जीवन रक्षार्थ स्थापना गरिएको कल्याणकारी कोष विस्तार संस्थानका कर्मचारी तथा कलाकारहरुको संरक्षण तथा अपनत्व निरन्तर चलिरहने प्रक्रिया

१७ आदिवासी जनजाति संस्कृति प्रदर्शन आदिवासी जनजाति दिवसको अवसरमा विविध जातिका पहिचानयुक्त संस्कृति प्रदर्शन आदिवासी जनजाति दिवसको अवसरमा विविध जातिका पहिचानयुक्त संस्कृति संरक्षण सम्पन्न ।

१८ BOOK FREE FRIDAY कार्यक्रम काठमाडौं महानगरपालिका र संस्थानले उपत्यकाका सामुदायिक विद्यालयहरुलाई संगित प्रशिक्षण कार्यका लागि अभिमुखिकरण गरिएको शिक्षण सिकाइमा प्रभावकारीता असोज ९ र १० गते सम्पन्न ।

१९. सांस्कृतिक पर्यटनको विकास गर्ने उद्देश्यकासाथ **साउने सङ्क्रान्ति**को अवसरमा त्रिभुवन पार्कमा वर्षौंदेखि परम्परागत मूल्यमान्यता अनुसार मनाउँदै आइएको मेलामा सहभागी भई सांस्कृतिक कार्यक्रम प्रस्तुति तथा सांस्कृतिक उत्पादनको अवलोकन ।

२०. निक्षेप तथा कर्जा सुरक्षण कोषले आयोजना गरेको "36th ACSIC Conference Nepal 2024” मा सांस्कृतिक संस्थानद्वारा नेपालको पहिचान झल्काउने संस्कृति प्रदर्शनीसँगै सभ्य भव्य रूपमा सम्पन्न ।

# सांस्कृतिक संस्थानका प्रमुख समस्याहरु :

१. त्रुटिपूर्ण ऋण :

संस्थानको भवन निर्माणका लागि अनुदान प्राप्त हुनुपर्ने तर वार्षिक बजेट समेत कट्टा गरी मिति २०५७/११/०४ मा तत्कालीन सचिवस्तरीय निर्णय मार्फत त्रुटिपूर्ण ढङ्गले ऋणमा परिणत गरिएको, रु. १ करोड ५० लाख बाट सुरुवात भएको ऋण हाल साँवा व्याज थर्पिंदै ३९ करोड २१ लाख ४४ हजार ३ सय ४८ रुपैयाँ पुगेको । नेपाल सरकारको शेयरमा परिणतका लागि श्रीमान् सचिव श्री गणेश प्रसाद पाण्डेयज्यू मार्फत प्रक्रिया अगाडि बढाइएको तर समाधान हुन नसकेको ।

## २. उपदान :

नेपाल सरकारको अनिवार्य दायित्व अवकाशप्राप्त कर्मचारीले प्राप्त गर्नुपर्ने उपदान रकम समेत सम्बोधन नहुँदा संस्थानको नीति तथा कार्यक्रममा असर तथा सम्बन्धित कर्मचारीको परिवारमा विचलनको समस्या । उपदान दायित्व आ.व. २०८१/८२ भरी १० करोड सम्म पुग्ने आङ्कलन ।

### ३. छुट्टै ऐन :

सांस्कृतिक संस्थान स्थापना सञ्चार संस्थान ऐन २०२८ अनुसार निर्माण भएकोले अनेक समस्या, संस्थानको छुट्टै ऐन निर्माण अपरिहार्यता ।

### ४. बजेटको नाममा न्यून अनुदानः

नेपाल सरकारको बजेटका नाममा संस्थानलाई उपदान दायित्व स्वरूप न्यून अनुदान रकम प्राप्त ।

## ५. संस्कृति सम्बन्धी क्षेत्राधिकारः

संस्थानले संस्कृति सम्बन्धी प्रभावकारी ढङ्गले नीति तथा कार्यक्रम सम्पन्न गर्नका लागि स्पष्ट क्षेत्राधिकार अभाव रहेको।

## ६. सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन (O&M Survey) :

सांस्कृतिक संस्थानको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन (O&M Survey) मन्त्रालयबाट हालसम्म स्वीकृत नहुनुले नीतिगत रूपमा समस्या बेहोर्नु पर्ने अवस्था सिर्जना ।

## ७. प्रशिक्षण कार्यक्रम व्यवस्थापन :

अमूर्त सांस्कृतिक सम्पदाको संरक्षण, संवर्द्धन, प्रवर्द्धन, दस्तावेजीकरण, सूचीकरण तथा पुस्तान्तरणका लागि विगतदेखि संस्थानले सञ्चालनमा ल्याएको प्रशिक्षण कार्यक्रमलाई प्रभावकारी रूपमा अगाडि बढाउन कार्यविधि निर्माण गरिए पनि थप आधिकारिक बनाउन सिटिइभिटी तथा विश्वविद्यालयबाट सम्बन्धनको जरुरत ।

## ८. भवन तथा हल मर्मत सँभार:

संस्थानका भवनहरू तथा हलहरू जीर्ण अवस्थामा रहेकाले समयमै मर्मत सँभार नगरे अस्तित्व नै समापन हुने खतरा ।

९. नेपाल सरकारको आ.व. २०८१/८२ को वार्षिक बजेटमा संस्थानको नाममा विनियोजन भएको क्र.सं.११.४.२२.२७६३, कार्यक्रम/क्रियाकलापः पर्यटकीय क्षेत्रहरूमा सांस्कृतिक घरहरू निर्माण काठमाडौं, खर्च शीर्षक ३११५९ उल्लेखित योजना कार्यान्वयनका लागि प्रयास गरिए पनि उद्देश्य अनुसार कार्यक्रम/क्रियाकलाप सम्पन्न गर्नका लागि काठमाडौंमा आवश्यक जग्गा प्राप्त नभएको तर काठमाडौं बाहिर जग्गा उपलब्ध भए पनि उक्त योजनालाई कार्यान्वयन तर्फ अगाडि बढाउन मन्त्रालयस्तरबाटै पहलको आवश्यकता भएकोले यसलाई तुरुन्तै पहल गरिनु पर्ने जरुरत ।




किरण बाबु पुन
महाप्रबन्धक